


# राष्ट्रिय गान

सयौं थुङ्गा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भै फैलिएका मेची महाकाली ।

प्रकृतिका कोटी कोटी सम्पदाको आँचल ।
वीरहरूको रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि शान्तिभूमि तराई, पहाड, हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।


प्रतिवेदन सम्पादन समिति

**संयोजक : श्री कृष्णप्रसाद लामिछाने**

सदस्यहरु :

**श्री भविश्वर तिवारी**
**श्री विमला अर्याल**
**श्री नारायण प्रसाद ढकाल**
**श्री हरिदत्त शर्मा**

**प्रतिवेदनको अनुमोदन मितिः २०७५/०५/२०**

**(म.क.दे.क्या. संचालक समितिद्वारा)**

# सारांश (Executive Summary)

महाकवि देवकोटा क्याम्पस वि.सं. २०६० सालमा स्थापना भएको गैरनाफामूलक सामुदायिक संस्था हो। समुदायको सक्रियता र लगानीमा स्थापित तथा संचालित यस क्याम्पसले समुदायको उच्च शिक्षाको आवश्यकतालाई सम्बोधन गर्दै समुदायको व्यवस्थापनमा अघि बढिरहेको छ। वि.सं. २०७१ सालदेखि गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रक्रियामा सहभागी भई निकै ठूलो प्रयास पछि मिति २०७४/०८/२७ गतेका दिन क्याम्पसले (QAA) प्रमाणपत्र प्राप्त गरिसकेको छ। समुदायलाई गुणस्तरीय उच्च शिक्षा घर दैलोमै प्रदान गर्न दृढताका साथ अगाडि बढिरहेको यो क्याम्पसमा व्यापक संस्थागत सुधारहरु शुरु भएका छन्। फलस्वरुप, वि.सं. २०७३ मा विश्वविद्यालय अनुदान आयोगबाट संचालित उच्च शिक्षा सुधार योजना (HERP) मा समेत छनौट हुन सफल भई संस्थागत सुधारलाई अझ प्रभावकारी ढंगले अगाडि बढाउने क्रममा छ।

यस छोटो अवधिमा पनि भौतिक पक्षतर्फ सन्तोषजनक उपलब्धि हासिल गरेको छ। जस्तै एक तला थप हुनु, गुणस्तरीय खानेपानीको व्यवस्था, जेनेरेटरको व्यवस्था, 3 Phase line आदि। त्यसै गरी प्रवधिको प्रयोगमा पनि आशातीत प्रगति गर्न सफल भएको छ। जस्तै Management Software, Webpage, कम्प्यूटर, ल्यापटप, प्रोजेक्टर, प्रिन्टर, फोटोकपी मेशिन, इन्टरनेट जडान आदि जसले गर्दा क्याम्पसको अध्ययन अध्यापन कार्य थप प्रभावकारी बनाएको छ।

यस क्याम्पसमा संचालित B.B.S, B.Ed र B.A का कार्यक्रमहरु मध्ये BBS तर्फ विद्यार्थी भर्ना दर उल्लेख्य वृद्धि भएको छ। शैक्षिकसत्र २०७१/०७२ मा २१६ जना विद्यार्थीहरु भर्ना भएकोमा सो संख्या २०७४/०७५ मा ३०६ पुगेको छ जुन निकै उत्साहजनक मान्न सकिन्छ। त्यसैगरी B.Ed तर्फ शैक्षिकसत्र २०७१/०७२ मा विद्यार्थी संख्या १८८ रहेकोमा शैक्षिकसत्र २०७४/०७५ मा सो संख्या १६७ पुगेको छ जसलाई सकारात्मक मान्न सकिन्न। यसको विपरीत B.A तर्फ विद्यार्थीहरुको संख्या शैक्षिकसत्र २०७१/०७२ मा ३५ जना रहेकोमा शैक्षिकसत्र २०७४/०७५ मा उक्त संख्यामा गिरावट आई १८ जनामा खुम्चिएको छ जसले गर्दा यस कार्यक्रमको निरन्तरतामा समस्या पुगेको छ।

यस क्याम्पसको आ.व. २०७१/०७२ मा रु. ६७,७९,२०९/- आम्दानी रहेकोमा सो आम्दानी वृद्धि भई आ.व. २०७४/०७५ मा रु. १६७४५३१०.६५/- पुगेको देखिन्छ भने खर्च तर्फ पनि रु. ८२, ८४, ६५०/- बाट रु. १५०७९८२९.८६/- पुगेको देखिन्छ।

क्याम्पसको वार्षिक लेखा परीक्षण प्रतिवेदनबाट आएका सुझावलाई क्षमता अनुरुप सम्बोधन गर्दै आइरहेको पनि यस वर्षको कार्य प्रगतिमा देखिन्छ।

क्याम्पसले स्थापना कालदेखि नै समाजका सामाजिक गतिविधिमा आफ्नो संलग्नता कायम गर्दै आइरहेको देखिन्छ । समाजको उपस्थितीलाई व्यवस्थित बनाउने र सामाजिक सम्पत्तिका रुपमा स्थापित गर्न विभिन्न निर्णय, नीति निर्माण आदिमा समाजको उच्च उपस्थिती गराउँदै आइरहेको छ। क्याम्पसमा समाजका सदस्यहरुलाई आजीवन सदस्य, संरक्षक एवं अन्य पक्षबाट उपस्थित गराई समग्र विकासमा समाजको संलग्नता गराइँदै आइएको छ। विभिन्न उद्योग, व्यवसाय, संघ–संस्थामा क्याम्पसका उत्पादित जनशक्तिलाई रोजगारीका लागि पहल गर्दै संघ संगठनलाई पनि क्याम्पस परिवारमा समावेश गराउने योजना रहेको छ।

क्याम्पसले विकासका लागि प्रयास गर्दागर्दै पनि विभिन्न पक्षबाट अल्पकालीन एवं दीर्घकालीन समस्याहरु आइपरेको देखिन्छन्। समस्याको प्रमुख कारण आर्थिक अभाव देखिएकाले क्याम्पसको गुणस्तर मापन गराई QAA प्रमाण-पत्र प्राप्त गरिसकेको वर्तमान सन्दर्भमा विभिन्न नयाँ एवम् बजारमूखी विषयको सम्बन्धन ल्याई आर्थिक रुपमा सवल हुने प्रयास क्याम्पसले गरिरहेको छ।

क्याम्पसले चालु आ.व. २०७५/०७६ का लागि तयार पारेको बजेटमा रु. १,५६,१७,०६०.२४/- को आर्थिक कारोबार हुने योजना रणनैतिक योजनाका साथ अघि सारेको छ। यसरी हेर्दा क्याम्पसले पञ्चवर्षे रणनैतिक योजनाका साथ तयार पारेको वार्षिक कार्यक्रमका लागि निर्धारित स्रोतको प्रर्याप्तता भएको खण्डमा क्याम्पस विकासको अग्र पंक्तिमा पुग्ने देखिन्छ।

# विषय सूची


| क्र.सं. विषयवस्तु | पेज नं. |
|---|---|
| १. पृष्ठभूमि (Background) | १ |
| २. Academic Progress | १-३ |
| ३. Physical Progress | ४ |
| ४. Financial Progress | ४-५ |
| ५. Social Progress | ६-७ |
| ६. समस्या एवम् चुनौतीहरु (Issues and Challenges) | ७-९ |
| ७. Annual Work Plan and Budget of the Current Fiscal Year | १०-१३ |
| ८. Projected Annual Work Plan and Budget of the Three Fiscal Years | १४-१७ |
| ९. क्याम्पस अर्न्तगतका शाखाहरुको कार्य तथा जिम्मेवारी | १८-१९ |
| १०. क्याम्पस संरक्षक | २० |
| ११. क्याम्पस आजीवन सदस्यहरु | २०-२२ |
| १२. Mahakavi Devkota Campus Staffs | २३ |
| १३. प्रश्नावली | २४-२५ |

# Background:


प्रदेश नं ५ अन्तर्गत भगवान गौतम बुद्धको जन्म स्थल लुम्बिनी क्षेत्रको नवलपरासी जिल्लामा अवस्थित ऐतिहासिक “मायादेवी पोखरी” “रामग्राम स्तुप” र प्राचिन कोलीय राज्यको राजधानी “देवदह” नजिकैको पावन भूमि सुनवल नगरपालिका वडा न. ०४ मा अवस्थित यस महाकवि देवकोटा क्याम्पसले वर्तमान समय सापेक्ष गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्यका साथ जनसहभागितामा संचालित मुनाफारहित सामुदायिक क्याम्पसका रुपमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई स्थापना (वि.स. २०६०) देखि नै निरन्तर रुपमा शिक्षा प्रदान गर्दै आएको छ।

यस क्याम्सको विकासका लागि यस क्षेत्रका राजनैतिक दल, व्यापारी, उद्योगपति, समाजसेवी, वुद्धिजीवी, शिक्षाप्रेमीहरुको अमूल्य सहयोग निरन्तर भै रहेको छ। विद्यार्थीहरुको चौतर्फी विकास एंवम् सर्वाङ्गीण उन्नतिको लागि समय सापेक्ष अनुसन्धानमुखी वैज्ञानिक शिक्षण विधि, आधुनिक व्यवस्थापन र प्रविधिको प्रयोगलाई यस क्याम्पसले जोड दिई आएको छ।

ग्रामीण क्षेत्रमा संचालित यस क्याम्पसले विभिन्न क्षेत्रमा पछाडि परेका वर्ग, जाति, समुदाय आदिका व्याक्तिहरुलाई विभिन्न आन्तरिक तथा बाह्य छात्रवृत्ति मार्फत उच्च शिक्षाको पहुंचमा उल्लेख्य सुधार गर्दै आएको छ।

गुणस्तरीय शिक्षा र प्रतिस्पर्धी ज्ञानलाई प्रमुख स्थानमा राखी हाल यस क्याम्पसले अन्तर्राष्ट्रिय शैक्षिक गुणस्तर परीक्षण (QAA) प्रमाण-पत्र प्राप्त गरिसकेको छ, साथै विश्वविद्यालय अनुदान आयोगद्वारा संचालित उच्च शिक्षा सुधार कार्यक्रम (HERP) अन्तर्गत यस क्षेत्रबाट छनौट हुन सफल भई पहिलो र दोस्रो आर्थिक वर्षका खरिदका कार्यक्रम पनि सम्पन्न गरिसकेको छ।

## Programs



## Academic Progress:

### Enrolment Trend Analysis of the Last Three Years

| Year | 2072/073 | | | | | 2073/074 | | | | | 2074/075 | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BBS | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | D | Total |
| 1st | 44 | 71 | 3 | - | 115 | 68 | 77 | - | - | 145 | 71 | 59 | 12 | 5 | 130 |
| 2nd | 19 | 26 | 2 | 2 | 45 | 38 | 66 | - | - | 104 | 25 | 56 | 8 | 5 | 81 |
| 3rd | 17 | 39 | 1 | - | 56 | 21 | 24 | - | - | 45 | 14 | 49 | 5 | 0 | 63 |
| 4th | - | - | - | - | - | 17 | 39 | - | - | 56 | 14 | 18 | 3 | 2 | 32 |
| Total | 80 | 136 | | | 216 | 144 | 206 | | | 350 | 124 | 182 | - | - | 306 |
| B.Ed. | | | | | | | | | | | | | | | |
| 1st | 5 | 51 | 5 | - | 56 | 21 | 84 | - | - | 105 | 10 | 66 | 7 | 2 | 76 |
| 2nd | 6 | 46 | 3 | 3 | 52 | 5 | 51 | - | - | 56 | 6 | 45 | 6 | 3 | 51 |
| 3rd | 6 | 49 | 3 | - | 55 | 8 | 45 | - | - | 53 | 1 | 39 | 5 | 2 | 40 |
| Total | 17 | 146 | | | 163 | 34 | 180 | | | 214 | 17 | 150 | | | 167 |
| B.A. | | | | | | | | | | | | | | | |
| 1st | 1 | | - | - | 1 | 7 | 1 | - | - | 8 | 7 | 5 | 3 | 2 | 12 |
| 2nd | 1 | | - | - | 1 | 1 | - | - | - | 1 | 4 | 1 | 1 | 1 | 5 |
| 3rd | 6 | 3 | - | - | 9 | - | - | - | - | - | 1 | 0 | 0 | 0 | 1 |
| Total | 8 | 3 | - | - | 11 | 8 | 1 | - | - | 9 | 12 | 6 | - | - | 18 |
| G.tot | | | | | 390 | | | | | 573 | | | | | 491 |

माथि उल्लेख गरिएको तथ्याङकलाई हेर्दा शैक्षिकसत्र २०७२/०७३ मा वि.वि.एस. तर्फ २१६ विद्यार्थी भर्ना भएकोमा त्यस पछिको शैक्षिकसत्रमा ३५० र शैक्षिकसत्र २०७४/०७५ मा ३०६ जना विद्यार्थी भर्ना भएको देखिन्छ। यसरी हेर्दा वि.वि.एस. तर्फ निरन्तर रुपले भर्नादर वृद्धि भएता पनि शैक्षिकसत्र २०७३/०७४ को तुलनामा भने घटेको देखिन्छ।

वि.एड. तर्फ हेर्दा शैक्षिकसत्र २०७२/०७३ मा १६३ भर्ना भएकोमा त्यसको अर्को वर्ष २१४ जना र शैक्षिकसत्र २०७४/०७५मा १६७ पुगेको देखिन्छ यसरी हेर्दा वि.एड. तर्फको भर्नामा शैक्षिकसत्र २०७२/०७३ को तुलनामा सामान्य बृद्धि भएता पनि शैक्षिकसत्र २०७३/०७४ को तुलनामा भने घटेको देखिन्छ।

वि.ए. तर्फ शैक्षिकसत्र २०७२/०७३ मा ११ जना विद्यार्थी भर्ना भएकोमा त्यस पछिको शैक्षिकसत्रमा सो संख्यामा गिरावट आई ९ जनामा सिमित रहेको र शैक्षिकसत्र २०७४/०७५ मा सो सङ्ख्यामा केही थप भई १८ पुगेको देखिन्छ। फलस्वरुप सो संकायको निरन्तरतामा समस्या खडा हुन पुगेको छ।

## Pass Rate Trend Analysis of the Last Three Years

| Year | 2072/073 | | | | | 2073/074 | | | | | 2074/075 | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BBS | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | D | Total |
| 1st | 2 | 1 | - | - | 3 | 1 | 13 | - | - | 14 | 3 | 6 | - | - | 9 |
| 2nd | 6 | 6 | 1 | - | 12 | 5 | 4 | - | - | 9 | 8 | 23 | 2 | - | 31 |
| 3rd | 6 | 7 | - | 1 | 13 | 6 | 7 | - | - | 13 | 3 | 4 | 1 | 1 | 7 |
| 4th | - | - | - | - | - | - | - | - | - | - | 6 | 16 | 2 | 1 | 22 |
| Total | 14 | 14 | | | 28 | 12 | 24 | | | 36 | 20 | 49 | 5 | 2 | 69 |
| B.Ed. | | | | | | | | | | | | | | | |
| 1st | 2 | 1 | - | - | 3 | 4 | 10 | - | 1 | 14 | 1 | 10 | 1 | - | 11 |
| 2nd | 6 | 6 | 1 | - | 12 | 4 | 15 | 5 | - | 19 | 1 | 16 | 3 | - | 17 |
| 3rd | 4 | 6 | - | 1 | 10 | 2 | 17 | 1 | 2 | 19 | 5 | 23 | 4 | 1 | 28 |
| Total | 12 | 13 | | | 25 | 10 | 42 | | | 52 | 7 | 49 | 8 | 1 | 56 |
| B.A. | | | | | | | | | | | | | | | |
| 1st | 1 | - | - | - | 1 | 1 | - | - | - | 1 | - | - | - | - | 0 |
| 2nd | - | - | - | - | - | - | - | - | - | - | 1 | - | - | - | 1 |
| 3rd | 4 | 1 | 1 | - | 5 | 4 | 1 | 1 | - | 5 | - | - | - | - | 0 |
| Total | 5 | 1 | | | 6 | 5 | 1 | | | 6 | 1 | - | - | - | 1 |
| G.tot | | | | | 59 | | | | | 94 | | | | | 126 |

माथि उल्लेख गरिएको तथ्याङकलाई हेर्दा शैक्षिकसत्र २०७२/०७३ मा कक्षागत उर्त्तीण ५९ जना भएको, त्यसको अर्को शैक्षिकसत्रमा ९४ जना उत्तीर्ण भएको देखिन्छ भने शैक्षिकसत्र २०७४/०७५मा १२६जना उर्त्तीण भएको देखिन्छ। यसरी हेर्दा क्यापसको कक्षागत उत्तीर्ण सङ्ख्यामा उल्लेखनिय वृद्धि भएको भन्न सकिन्छ।

## Graduate Trend Analysis of the Last Three Years

| Year | BBS | | | | | B. Ed. | | | | | B.A. | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | D | Total | Male | Female | EDJ | D | Total | G.tot |
| 2072/073 | 0 | 2 | - | - | 2 | 7 | 23 | 5 | 4 | 30 | 7 | 7 | 2 | 4 | 14 | 46 |
| 2073/074 | 1 | 4 | - | - | 5 | 7 | 23 | 5 | 3 | 30 | 7 | 7 | 1 | 1 | 14 | 49 |
| 2074/075 | 5 | 9 | 1 | 1 | 14 | 8 | 35 | 2 | 2 | 43 | 0 | 4 | 0 | 0 | 4 | 61 |
| Total | 6 | 26 | 1 | 1 | 21 | 22 | 81 | 12 | 9 | 103 | 14 | 18 | 3 | 5 | 32 | 156 |

माथि उल्लेख गरिएको तथ्याङकलाई हेर्दा शैक्षिकसत्र २०७२/०७३ मा ४६ जना, त्यस पश्चात को शैक्षिकसत्रमा ४९ जना विद्यार्थीले स्नातक तह उत्तीर्ण गरेको देखिन्छ भने शैक्षिकसत्र २०७४/०७५मा ६१ जना उर्त्तीण भएको देखिन्छ। समग्रमा हेर्दा स्नातक तह उत्तीर्ण गर्नेको संख्यामा सामान्य वृद्धि भए पनि उल्लेख्य वृद्धि भएको भने देखिँदैन्।

## Educational Pedagogy:

1. Teaching Methods: Group Discussion, Interaction, Student Presentation, Peer Discussion, Online Presentation etc.
2. Teaching Tools: Projector, Internet, Computer,Laptop,Others etc.

## Physical Progress

| S. N. | Particulars | 2072/073 (No.) | 2073/074 (No.) | 2074/075 (No.) |
|---|---|---|---|---|
| 1. | InfrastructureDevelopment | 4room | | |
| 2. | **EducationalAids:** | | | |
| | Computer | 7 | 4 | - |
| | Projector | 3 | - | - |
| | Laptop | 1 | - | - |
| | Sound System | - | - | - |
| | Books | 774 | 383 | 328 |
| | Journals | - | - | - |
| | Reference books | - | 86 | 42 |
| | Furniture | 3 | 21 | 160 |
| | Vehicle | - | - | - |
| | Fan / Cooler | 4 | 24 | - |
| | Printer | 2 | 1 | 1 |
| | Photocopy Machine | 1 | - | - |
| | Air Condition | - | - | 3 |
| | Generator | - | - | 1 |
| | CCTV Camera | - | - | 11 |
| | Attendence Machine | - | - | 1 |
| 3. | **Other:** | | | |
| | WaterFilter | 1 | 2 | - |
| | Other | 15 | 2 | - |

## Financial Progress

### Sources of Income

| S. N. | Particulars | 2072/073 | 2073/074 | 2074/075 |
|---|---|---|---|---|
| 1. | **Self Generated Resources:** | | | |
| 2. | Student Fees | 71,41,325.00 | | 81,81,022 |
| | Others | 5,16,368.46 | 2,29,109.71 | 9,51,431.32 |
| | Bus | - | - | 2,65,000 |
| 2. | **Grants from Government Sources:** | | | |
| | UGC | 16,85,000 | 6,03,725 | 6,15,850 |
| | Sunwal Municipality | 2,65,385.00 | 2,03,768.00 | 12,53,382 |
| | Other Government | 9,71,595.00 | - | - |
| | UGC QAA Certificate | - | - | 39,20,000 |
| | QAA Final Visit | - | - | 5,00,000 |
| | HERP | - | - | 5,11,709.33 |
| | Fund/Uchha sishya,N.P.) | - | 2.20.000.00 | - |
| | UGC Library Training, Pass Out Increment | - | - | 2,88,300 |
| | QAA cycle (SSR approved) | - | 4,00,000.00 | - |
| 3. | **Other Sources :** | | | |
| | Campus Life Member | 12,10,029.00 | 2,24,655.00 | 2,58,616 |
| | Campus Patron | 17,41,110.00 | 2,51,000.00 | - |
| | Other | - | - | |
| | **Total** | 1,35,30,812.46 | 1,05,10,278.71 | 1,67,45,310.65 |

## Expenditures

| S. N. | Particulars | 2072/073 | 2073/074 | 2074/075 |
|---|---|---|---|---|
| 1. | **Recurrent Expense:** | | | |
| | Salary | 58,81,970.00 | 63,93,393.00 | 75,35,991.00 |
| | Other | 23,23,647.12 | 24,07,765.00 | 33,54,612.00 |
| 2. | **CapitalExpenditure:** | | | |
| | Major InfrastructureDevelopment | 14,74,691.00 | 12,44,513.24 | 11,15,662.89 |
| | MinorInfrastructureDevelopment | 78,150.00 | 4,93,436.05 | 18,410.00 |
| | Equipmentpurchase | 9,91,630.00 | 3,90,000.00 | 17,60,560.00 |
| | BooksPurchase | 94,739.00 | 1,10,728.00 | 1.92,575.00 |
| | Land Purchase | 11,52,395.00 | - | - |
| | Bus Purchase | 6,27,000.00 | - | |
| | Furniture | - | - | 8,03,799.00 |
| 3. | **Others:** Maintenance | 56,154.00 | 58,429.00 | 2,97,219.97 |
| | **Total** | **1,26,80,376.12** | **1,10,98,264.29** | **1,50,78,829.86** |

माथिको तथ्याङ्कमा उल्लेख भए अनुसार आ.व. २०७२/०७३ मा क्याम्पसको विभिन्न स्रोतबाट प्राप्त आम्दानी रु. १,३५,३०,८१२.४६/- भएको मा रु. १,२६,८०,३७६.१२/- खर्च भएको देखिन्छ। त्यस पछिको अर्को आ.व. मा आम्दानी रु. १,०५,१०,२७८.७१/- र रु. १,१०,९८,२६४.२९/- खर्च भएको साथै आ.व २०७४/०७५ मा रु.१,६७,४५,३१०.६५/- आम्दानी भई रु.१,५०,७८,८२९.८६/- खर्च भएको लेखा प्रतिवेदनमा देखिन्छ। समग्रमा हेर्दा गत तीन आ.व.मा क्याम्पसको आर्थिक पक्षमा उल्लेख्य रुपमा सुधार हुँदै आएको देखिन्छ।

### Audit Observations/Issues & Steps taken to mitigate the Issues Raised by Audit Observations in the Last Fiscal Year:

### गत वर्षको लेखा परीक्षणबाट प्राप्त सुझाव सम्बोधन :

१. रु. १०,००० भन्दा बढीको निर्माणसंग सम्बन्धित विल सम्भव भए सम्म VAT विलबाट खरिद गरिएको छ।

२. रु. ५०,००० भन्दा माथिको रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर कट्टी गरिएको छ।

३. करार शिक्षकहरुलाई स्थायी सेवामा पदस्थापना गर्न सुरु गरिएको छ।

# Social Progress

## सामाजिक गतिविधिमा क्याम्पसको संलग्नता:

वि.सं. २०६० सालमा सुनवल क्षेत्रका महानुभावहरुको अथक प्रयासबाट यो क्याम्पसको स्थापना भएको हो। यसै समाजमा उच्च शिक्षाको पहुँच पुऱ्याउने मुख्य लक्ष्यका साथै समाजको विकासमा योगदान पुऱ्याउन यस क्याम्पसले अथक प्रयास गरिरहेको छ। यस क्याम्पसले

सुनवल क्षेत्रमा रहेका विभिन्न धार्मिक, सांस्कृतिक मूल्यमान्यतालाई जगेर्ना गर्नका लागि विभिन्न सांस्कृतिक कार्यक्रमहरुको आयोजना गर्दै आइरहेको छ। यस क्षेत्रमा आयोजना हुने विभिन्न उत्सव, मेला, यज्ञ, पूजापाठ आदिमा क्याम्पसको सहयोग आवश्यकता परेको खण्डमा स्वयंसेवक समेत प्रदान गर्दै आइरहेको छ। यस सुनवल क्षेत्रमा परिवार नियोजन, सरसफाई, ट्राफिक नियम सम्बन्धि विभिन्न गोष्ठि/सम्मेलन समेत क्याम्पसले आयोजना गरी समाजको एक अभिन्न अंगका रुपमा भूमिका निभाई रहेको छ।

## समाजको क्याम्पसलाई योगदान

स्थानिय समाजसेवी, बुद्धिजीवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमीहरुको सक्रिय सहभागीतामा क्याम्पसको स्थापना भएको हो । स्थापना पश्चात क्याम्पसलाई संचालन गर्न समाजको आर्थिक, भौतिक साथै बौद्धिक सहयोग रहिआएको छ। क्याम्पसले संचालन गर्ने विभिन्न कार्यक्रममा सहभागी भएर समाजले क्याम्पसलाई सहयोग गर्दै आएको छ। त्यति मात्रै नभएर क्याम्पसको भौतिक सामग्रीको संरक्षण गर्दै क्याम्पसका नीतिनिर्माण तथा योजना निर्माणमा आवश्यक सहयोग गरी योगदान पुऱ्याउँदै आएको छ। समाजको उक्त सहयोगलाई क्याम्पसले उच्च कदर गरी भविष्यमा पनि यो सहयोग र साथको अपेक्षा गर्दछ।

## क्याम्पसले समाजप्रति गर्ने योगदानको योजना

यो क्याम्पस सामुदायिक क्याम्पस भएको हुनाले समाजप्रति यस क्याम्पसको योगदान रहने कुरामा कुनै दुई मत छैन् । क्याम्पसले आफ्नो समाजप्रतिको जिम्मेवारी पूरा गर्न विभिन्न समयमा स्वास्थ परीक्षण शिविर संचालन गर्दै आइरहेको छ। सस्तो र सर्वसुलभ रुपमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ। समुदायमा वातावरणीय सचेतना जगाउनको लागि वातावरण सरसफाई कार्यक्रम संचालन गरेको छ। जनस्वास्थलाई ध्यानमा राखी क्याम्पसले मातृशिशु तथा परिवार नियोजन सम्बन्धि जनचेतना कार्यक्रम संचालन गर्दै आएको छ। बद्दो सवारी दुर्घटनालाई न्यूनीकरण गर्न र ट्राफिक सचेतना बढाउन वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्दै आएको छ। विभिन्न धार्मिक तथां सांकृतिक कार्यक्रममा विद्यार्थीहरुलाई सहभागी गराएर समाजिक कार्यमा लाग्ने बाटो निर्माण गरेको छ। क्याम्पस वरिपरिका शैक्षिक संस्थाहरुको गुणस्तर वृद्धि गर्न सहयोगी भूमिका निर्वाह गरिरहेको छ। क्याम्पसले सुनवल लगायत समग्र राष्ट्रको उन्नतिमा योगदान पुऱ्याउने दीर्घकालीन लक्ष्य रणनैतिक योजना मार्फत सार्वजनिक गरेको छ।

## क्याम्पसमा समाजको सहभागिता वृद्धि गर्ने योजना

विद्यालयीय शिक्षा पूरा गरिसकेपछि क्याम्पस तहको शिक्षा प्राप्त गर्नको लागि धेरै लगानी र लामो समय खर्च गरी टाढा टाढा जानुपर्ने तत्कालीन परिस्थितिलाई मध्यनजर गर्दै यस क्षेत्रका समाजसेवी, वुद्धिजीवी, व्यापारी, उद्योगपति, शिक्षा प्रेमीहरुको सक्रिय सहभागीतामा वि.स. २०६० सालमा स्थापना भएको यस क्याम्पसले समाजको सहभागिता वृद्धि गर्न क्याम्पस आजीवन

सदस्य र संरक्षक बनाएर समाजका व्यक्तिहरुलाई सहभागी बनाएको छ। प्रत्येक वर्ष वितरण गरिने छात्रवृत्ति कार्यक्रममा अभिभावकहरुलाई सहभागी बनाएको छ। स्थानिय उद्योगपति व्यापारी र समाजसेवीहरुलाई छात्रवृत्तिको लागि रकम प्रदान गर्न आग्रह गरिएको छ ,दाताहरुबाट सहयोग मागी छात्रवृत्ति वितरणको लागि अक्षयकोषको स्थापना गरिएको छ। साथै क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई विभिन्न तालिम, इन्ट्र्नसिप, अन्य सहयोगका लागि स्थानिय उद्योग, व्यवसाय, संघसस्थालाई जिम्मेवारी बोध गराईएको छ। क्याम्पसका नीति निर्माण तथा योजना निर्माणमा समुदायलाई सहभागी बनाइएको छ।

## समस्या एंवम् चुनौतीहरु (Issues & Challenges)

ग्रामीण परिवेशमा स्थापित गैरनाफामूलक सामुदायिक क्याम्पसहरु संचालन गर्नु अत्यन्त कठिन कार्य हो। एकातर्फ न्यून विद्यार्थीहरु न्यून शुल्कमा अध्यापन गराउनु पर्ने बाध्यता छ भने अर्कोतर्फ राज्यको तर्फबाट नगन्य आर्थिक सहयोग प्राप्त हुनुले नेपालको ग्रामीण परिवेशका करिव करिव सबै जसो सामुदायिक क्याम्पसहरु कठिन अवस्थामा संचालित छन्। यस महाकवि देवकोटा क्याम्पस पनि तिनीहरु मध्येको एक संस्था हो। साधन स्रोतको प्रतिकूलताका बाबजुत पनि उच्च गुणस्तर कायम राख्दै र अन्तर्राष्ट्रिय मापदण्डलाई पछ्याउँदै हिँडेका नेपालमा ग्रामीण परिवेशका सामुदायिक क्याम्पसहरु मध्ये अग्र पङ्तिमा आफूलाई उभ्याउने प्रयास भइरहेको यस क्याम्पसको अवस्थालाई हेर्ने हो भने केही सन्तोष लिनुपर्ने अवस्था पनि देखिन्छ।

यस क्याम्पस संचालनका क्रममा देखिएका चुनौती तथा अगाडि बढ्नका लागि भएका प्रयासहरुलाई तल उल्लेख गरिएको छ :

## चुनौतीहरु

यस क्याम्पस संचालनका क्रममा महशुस गरिएका चुनौतीहरुलाई दुई भागमा विभाजन गरिएको छ :

**क. अल्पकालीन चुनौत** **ख. दीर्घकालीन चुनौती**

### क. अल्पकालीन चुनौती :

१. आवश्यक भैतिक स्रोत साधनको कमि हुनु,
२. अनुसन्धान तथा प्रकाशनको कमि हुनु,
३. आवश्यक पृष्ठपोषण संरचना नहुनु,
४. प्राज्ञिक गतिविधि पर्याप्त नहुनु ,
५. अन्तर्राष्ट्रिय प्राज्ञिक गतिविधिहरुसंग सम्पर्कमा नहुनु,
६. समुदायबाट आवश्यक आर्थिक स्रोत जोहो गर्न कठिन हुनु,
७. विद्यार्थीहरुका लागि यातायातको आवश्यक व्यवस्थापन गर्न नसकिनु,
८. शिक्षकहरुको उच्च शिक्षा अध्ययन तथा पेशागत विकासमा आवश्यक सहयोग गर्न नसकिएको,

९. बजारको वर्तमान माग अनुसारको नयाँ शैक्षिक कार्यक्रमहरु जस्तै BBA, BBM, BTTM, BHM आदि संचालनको सम्बन्धन प्राप्त गर्न नसकिएको,
१०. क्याम्पसको नियमित अतिरिक्त आम्दानीको स्रोत नहुनु,
११. शिक्षक तथा कर्मचारीहरुको स्थायित्व तथा वृत्तिविकासका लागि आकर्षक सेवा सुविधाहरु प्रदान गर्न नसकिनु,

## ख. दीर्घकालीन चुनौती

१. सामुदायिक क्याम्पसहरुलाई सरकारको तर्फबाट आवश्यक सहयोग गर्ने नीतिगत व्यवस्था नहुनु,
२. नेपालको वर्तमान उच्च शैक्षिक बेरोजगारीका कारणले विद्यार्थीहरुमा पढाईप्रति उत्प्रेरणाको कमि हुनु,
३. राजनीतिबाट संस्थालाई पूर्णतया अलग राख्न सक्ने परिवेश नहुनु,
४. विश्वविद्यालय तथा क्याम्पसहरुबाट प्राप्त ज्ञान, सिप र दक्षता विद्यार्थीहरुको दैनिक जीवनसंग प्रत्यक्ष रुपमा कम सम्बन्धित हुनु,
५. छरितो परिणाममूखी ढाँचाको सट्टा लामो प्रकियामूखी ढाँचाको अवलम्बन गर्नुपर्ने वाध्यता हुनु,
६. पास भएका विद्यार्थीहरुलाई विभिन्न क्षेत्रहरुमा पदस्थापन तथा व्यवस्थापन गर्ने सरकारी नीति तथा कार्यक्रमहरु नहुनु।

## प्रयासहरु

अनेकन चुनौतीहरुका बाबजुत पनि यस क्षेत्रका विद्यार्थीहरुलाई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्नका लागि उच्च मनोबलका साथ यो क्याम्पस अगाडि बढ्न प्रयासरत छ। तसर्थ यस क्याम्पसले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रक्रियामा वि.सं. २०७१ सालबाट प्रवेश गरी तदनुसार क्रियाकलापहरु गर्दै वर्तमान अवस्थामा (QAA) प्रमाण पत्र प्राप्त गरिसकेको छ। यो प्रमाण पत्र प्राप्ति पछि यस क्याम्पसको समग्र विकासमा सकारात्मक प्रभाव परेको देखिन्छ। शैक्षिक गुणस्तर वृद्धि, भौतिक सुविधा वृद्धि, अनुसन्धान, प्रकाशन, विद्यार्थी संख्यामा वृद्धि, शिक्षक कर्मचारीहरुको पेशागत विकास आदिमा उल्लेख्य प्रगति भएको छ। अन्तर्राष्ट्रिय शैक्षिक मापदण्डहरुलाई पछ्याउने क्रममा संस्था हरेक हिसाबले स्वस्थ बन्दै गएको छ। फलस्वरुप UGC बाट संचालित उच्च शिक्षा परियोजनामा यो क्याम्पस छनोट हुन सफल भई सुधारको प्रक्रिया समेत सुरु भइसकेको छ जस अन्तर्गत आ.व.२०७३/०७४ मा रु. ८,००,६१७.६०/- रकमको खरिद भइसकेको छ साथै आ.व.२०७४/०७५मा समेत रु. ३४ लाखको सामग्री खरिद भई सकेको छ भने आ.व.२०७५/०७६ को लागि ७७.५५ लाखको Procurement Plan UGC मा पेश गरिएको छ। आगामी २ वर्ष भित्र उच्च शिक्षा सुधार योजनाबाट अधिक सहयोग प्राप्त गरी समग्र विकासमा कोल्टो फेर्ने सम्भावना नजिकिएको छ। अर्थात् QAA र HERP कार्यक्रम मार्फत् नेपालका साना समुदायिक क्याम्पसहरु मध्ये नमुना क्याम्पसको रुपमा विकसित हुने सम्भावना प्रष्टै देखिएको छ।

# Mahakavi Devkota Campus

## Sunwal - 4, Nawalaparasi

## HIGHER EDUCATION REFORMS PROJECT

## PROCUREMENT PLAN FOR GOODS/WORKS - FY 2075/076

| S.N. | Contract ID | Description of Goods and Works | Method of procurement | Estimate vs Actual | Estimated Amount in NPR | Design Investigation Completed | Estimate Preparation and Sanction | Bidding Documents Preparation | Call for bids | Bid Opening | Bid Evaluation | Contract Award Decision | Letter of Intention to Award | Contact Signature/ Agree-ment/Purchase Order | Contract End (delivery) | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 | 14 | 15 | 16 | 17 |
| 1 | UGC/HERP/ MDC/G/ SQ/1/2075/076 | Procure-ment of Computer | Seal Quotation | Estimated | 10,00,000 | 10/8/2075 | 25/8/2075 | 29/8/2075 | 1/9/2075 | 16/9/2075 | 20/9/2075 | 22/9/2075 | 25/9/2075 | 29/09/2075 | 29/10/2075 | |
| | | | | Revised | | | | | | | | | | | | |
| | | | | Actual | | | | | | | | | | | | |
| 2 | UGC/HERP/ MDC/G/ SQ/2/2075/076 | Procure-ment of Parking Tiles | Seal Quotation | Estimated | 11,00,000 | 10/8/2075 | 25/8/2075 | 29/8/2075 | 1/9/2075 | 16/9/2075 | 20/9/2075 | 22/9/2075 | 25/9/2075 | 29/09/2075 | 29/10/2075 | |
| | | | | Revised | | | | | | | | | | | | |
| | | | | Actual | | | | | | | | | | | | |
| 3 | UGC/HERP/ MDC/G/ Sh/3/2075/076 | Procure-ment of Air Condition | Shopping | Estimated | 4,95,000 | 10/8/2075 | 25/8/2075 | 29/8/2075 | 1/9/2075 | 7/9/2075 | 11/9/2075 | 13/9/2075 | 16/9/2075 | 20/9/2075 | 20/10/2075 | |
| | | | | Revised | | | | | | | | | | | | |
| | | | | Actual | | | | | | | | | | | | |
| 4 | UGC/HERP/ MDC/G/ SQ/4/2075/076 | Procure-ment of Campus Building Painting | Seal Quotation | Estimated | 10,00,000 | 10/8/2075 | 25/8/2075 | 29/8/2075 | 1/9/2075 | 16/9/2075 | 20/9/2075 | 22/9/2075 | 25/9/2075 | 29/09/2075 | 29/10/2075 | |
| | | | | Revised | | | | | | | | | | | | |
| | | | | Actual | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 5 | UGC/HERP/ MDC/G/ SQ/5/2075/076 | Procure-ment of Flooring Tiles | Seal Quotation | Estimated | 8,00,000 | 10/8/2075 | 25/8/2075 | 29/8/2075 | 1/9/2075 | 16/9/2075 | 20/9/2075 | 22/9/2075 | 25/9/2075 | 29/09/2075 | 29/10/2075 | |
| | | | | Revised | | | | | | | | | | | | |
| | | | | Actual | | | | | | | | | | | | |
| 6 | UGC/HERP/ MDC/G/ SQ/6/2075/076 | Procure-ment of Furniture | Seal Quotation | Estimated | 10,00,000 | 10/8/2075 | 25/8/2075 | 29/8/2075 | 1/9/2075 | 16/9/2075 | 20/9/2075 | 22/9/2075 | 25/9/2075 | 29/09/2075 | 29/10/2075 | |
| | | | | Revised | | | | | | | | | | | | |
| | | | | Actual | | | | | | | | | | | | |
| 7 | UGC/HERP/ MDC/G/ Sh/7/2075/076 | Procure-ment of Gardening | Shopping | Estimated | 4,90,000 | 10/8/2075 | 25/8/2075 | 29/8/2075 | 1/9/2075 | 7/9/2075 | 11/9/2075 | 13/9/2075 | 16/9/2075 | 20/9/2075 | 20/10/2075 | |
| | | | | Revised | | | | | | | | | | | | |
| | | | | Actual | | | | | | | | | | | | |
| 8 | UGC/HERP/ MDC/G/ Sh/8/2075/076 | Procure-ment of Furnishing | Shopping | Estimated | 4,90,000 | 10/8/2075 | 25/8/2075 | 29/8/2075 | 1/9/2075 | 7/9/2075 | 11/9/2075 | 13/9/2075 | 16/9/2075 | 20/9/2075 | 20/10/2075 | |
| | | | | Revised | | | | | | | | | | | | |
| | | | | Actual | | | | | | | | | | | | |
| 9 | UGC/HERP/ MDC/G/ Sh/9/2075/076 | Procure-ment of Canteen Mainte-nance | Shopping | Estimated | 4,90,000 | 10/8/2075 | 25/8/2075 | 29/8/2075 | 1/9/2075 | 7/9/2075 | 11/9/2075 | 13/9/2075 | 16/9/2075 | 20/9/2075 | 20/10/2075 | |
| | | | | Revised | | | | | | | | | | | | |
| | | | | Actual | | | | | | | | | | | | |
| 10 | UGC/HERP/ MDC/G/ Sh/10/2075/076 | Procure-ment of Room Partition | Shopping | Estimated | 4,90,000 | 10/8/2075 | 25/8/2075 | 29/8/2075 | 1/9/2075 | 7/9/2075 | 11/9/2075 | 13/9/2075 | 16/9/2075 | 20/9/2075 | 20/10/2075 | |
| | | | | Revised | | | | | | | | | | | | |
| | | | | Actual | | | | | | | | | | | | |
| 11 | UGC/HERP/ MDC/G/ Sh/11/2075/076 | Procure-ment of Water Tank | Shopping | Estimated | 4,00,000 | 10/8/2075 | 25/8/2075 | 29/8/2075 | 1/9/2075 | 7/9/2075 | 11/9/2075 | 13/9/2075 | 16/9/2075 | 20/9/2075 | 20/10/2075 | |
| | | | | Revised | | | | | | | | | | | | |
| | | | | Actual | | | | | | | | | | | | |
| | | TOTAL | | | 77,55,000 | | | | | | | | | | | |

## चुनौतीहरु सम्बोधन गर्ने भावी योजना

क्याम्पसको समग्र विकासमा देखिएका समस्या तथा चुनौतीहरुसंग यथोचित ढंगले सामना गर्दै नमुना क्याम्पसको रुपमा विकास गर्नका लागि यस क्याम्पसका भावी योजनाहरु यस प्रकार छन् :

- उच्च शिक्षा सुधार योजना (HERP) कार्यक्रम मार्फत प्राप्त हुने अनुदान सफलतापूर्वक प्राप्त गर्ने ।
- रणनैतिक योजना (Strategic Plan) सफलतापूर्वक कार्यान्वयन गर्ने ।
- केन्द्र,प्रदेश तथा स्थानिय सरकारबाट आर्थिक सहयोग प्राप्त गर्ने ।
- समुदायसंग आवश्यक सहकार्य गर्दै क्याम्पस विकासमा सहभागी गराउने ।
- उच्च शैक्षिक गुणस्तर कायम गर्ने ।
- विभिन्न दातृ निकायहरुसंग पहुँच पुऱ्याई स्रोत साधन जुटाउने ।
- क्याम्पसलाई स्वायत्तता तर्फ लैजान प्रयास गर्ने ।
- क्याम्पसको गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने ।
- शिक्षकहरुको वृत्ति विकास र स्थायित्त्वका लागि योजनाबद्ध रुपले कार्य प्रारम्भ गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दाताहरुसंग सम्बन्ध विकास गरी स्रोत, साधन जुटाउने ।

## Annual Work Plan and Budget of the Current Fiscal Year

### आम्दानी तर्फ

| क्र.स. | आम्दानीका शीर्षकहरु | चालु आ.ब. जेष्ठ सम्मको वास्तविक | अ.सु. | २०७५।०७६ को अनुमानित |
|---|---|---|---|---|
| **क अन्तरिक स्रोतहरु** | | | | |
| १ | भर्ना शुल्क | २०,४२,४४७ | १ | २९,७०,००० |
| २ | मासिक शुल्क | ३९,५२,७१८ | २ | ६४,९८,००० |
| ३ | भर्ना फारम | १०,७५० | ३ | १०,२५० |
| ४ | परिचय पत्र | २४,९५० | ४ | ६०,००० |
| ५ | रेडक्रस/प्रा.उ. | १४,६३० | ५ | १८,३३० |
| ६ | रजिष्ट्रेशन शुल्क | १,५४,३५० | ६ | २,०५,००० |
| ७ | वोर्ड परीक्षा शुल्क (व्याक सहित ) | ११,४८,४६० | १२ | १५,५४,२५० |
| ८ | अभ्यास शिक्षण शुल्क | १०,००० | ७ | ९०,००० |
| ९ | प्रमाण पत्र शुल्क | १,१९,००० | ८ | २,००,००० |

| | | | | |
|---|---|---|---|---|
| १० | टाई शुल्क | १७,७५० | | १५,६२५ |
| ११ | व्याज आम्दानी | १४,७४३.९१ | | २५,००० |
| १२ | आन्तरिक परीक्षा शुल्क | १,६५,३७० | ९ | २,०१,९५० |
| १३ | विविध आम्दानी | ८,४२,००६ | | १,५०,००० |
| १४ | स्ववियू | ४८,४०० | ११ | ६२,६०० |
| १५ | यातायात | १,५८,०८३ | | १,७५,००० |
| १६ | बस | २,६५,००० | | |
| १७ | तालिम | | | ८०,००० |
| १८ | अनुसन्धान शुल्क (वि.वि.एस. चौथो वर्ष) | ६४,००० | १० | १,४२,५०० |
| | **जम्मा रु "क"** | ९०,५२,६५७.९१ | | १,२४,५८,५०५ |
| **ख वाह्य स्रोतहरु** | | | | |
| १ | विश्वविद्यालय अनुदान आयोग, नियमित | ६,१८,००० | | ६,००,००० |
| २ | विश्व विद्यालय अनुदान आयोग, विशेष कार्यक्रम | ३९,२०,००० | | ४,००,००० |
| ३ | HERP | ५,११,७०९.३३ | | ५०,००,००० |
| ४ | QAA | ५,६१,२०० | | ० |
| ५ | तालिम | १,००,००० | | १,००,००० |
| ६ | उच्च शिक्षा अनुदान, नियमित | ० | | १,२५,००० |
| ७ | सुनवल न.पा. | १२,५३,३८२ | | ३३,००,००० |
| ८ | सांसद विकास कोष र प्रदेश सरकार | ० | | ५०,००,००० |
| ९ | आर्थिक सहायता,चन्दा, दान दातव्य | २,१८,१११ | | १०,००,००० |
| | **जम्मा रु ख** | ७१८२,४०२.३३ | | १,५५,२५,००० |
| | **कुल जम्मा रु** | १,५६,१७,०६०.२४ | | २,७९,८३,५०५ |

## खर्च तर्फ

| क्र.स. | खर्चका शीर्षकहरु | चालु आ.व. जेष्ठ सम्मको वास्तविक | अ.सु. | ०७५।०७६ को अनुमानित |
|---|---|---|---|---|
| १ | **प्रशासनिक खर्च तर्फ** | | | |
| | १. तलब, भत्ता ( जेष्ठ सम्म ) | ६१,५४,८८४ | १, २ | ७८,२९,१९६ |
| | २. भत्ता पर्व खर्च | ४,२५,१५५ | | ४,४२,४७९ |
| | ३. दैनिक भ्रमण भत्ता | ५३,७३५ | | ७६,८०० |
| | ४. अतिथि सत्कार | १,६८,२९७.९७ | | १,००,००० |
| | ५. टेलिफोन, हुलाक | ३८,९०० | | ४५,००० |
| | ६. विजुली महशुल | ४६,१३७ | | ६०,००० |
| | ७. मसलन्द छपाई स्टेशनरी, विज्ञापन | १,२९,०९० | | १,००,००० |
| | ८. उपदान कोष | ० | | ५,००,००० |

| | | | | |
|---|---|---|---|---|
| | ९. संचय कोष | ३,८२,३३९ | ३ | ४,३३,३३२ |
| | १०. मर्मत तथा संभार | २,८०,३६७ | | १,५०,००० |
| | ११. खानेपानी महशुल | २,७३४ | | ७,००० |
| | १२. इन्धन खर्च( जेनेरेटर) | १९,९८६ | | २५,००० |
| | १३. टाई खरिद | २८,१७० | | ० |
